शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६।१०।२५ (माननीय मन्त्रीस्तर) मा स्वीकृत

# शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७६

प्रस्तावना : देशका शिक्षक विद्यार्थी अनुपात धेरै भएका, प्रचलित कानून तथा मापदण्ड बमोजिम अंग्रेजी, गणित र विज्ञान शिक्षक अपुग भएका वा त्यस्ता विषय शिक्षक दरबन्दी नभएका सामुदायिक विद्यालय र प्राविधिक धारको शिक्षा विस्तार गरेका विद्यालयमा भएको शिक्षक अभावलाई "चिनौं आफ्नो माटो, बनाऔं आफ्नै देश" अभियान मार्फत स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेका युवालाई शिक्षण स्वयम्सेवकका रुपमा प्रभावकारी र पारदर्शी ढंगले परिचालन गरी सम्बोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७६ बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(घ) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा ४ बमोजिमको शिक्षण स्वयम्सेवक तथा परिचालन समिति सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले नगरपालिका तथा गाँउपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका तथा उपमहानगरपालिका समेतलाई जनाउँछ।

(छ) "स्वयम्सेवक" भन्नाले यस कार्यविधि बमोजिम नियुक्त स्वयम्सेवक सम्झनु पर्छ।

३. स्वयम्सेवक परिचालनको उद्देश्य तथा क्षेत्र : (१) शिक्षण स्वयम्सेवक परिचालनको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयको गणित, अंग्रेजी र विज्ञान विषयमा तथा प्राविधिक धारका शिक्षा विस्तार भएका विद्यालयको शिक्षक अभावलाई आंशिक रुपमा परिपूर्ति गर्नु,

(ख) स्नातक वा स्नातकोत्तर गरेका शिक्षित युवालाई स्वयम्सेवा मार्फत राष्ट्र सेवा गर्ने मौका उपलब्ध गराई देशको भौगोलिक स्थितिको ज्ञानका साथै व्यवहारिक तथा जीवनोपयोगी सीप एवं ज्ञान प्राप्त गर्ने अवसर प्रदान गर्नु,

(ग) युवा वर्गमा शिक्षण सीप, दक्षता र नेतृत्वको विकासको अवसर उपलब्ध गराउनु, र

(घ) विद्यालयस्तरको शैक्षिक गुणस्तर अभिवृद्धिमा सघाउ पुऱ्याउनु ।

(२) अंग्रेजी, गणित र विज्ञान विषय शिक्षक अपुग भएका वा त्यस्ता विषय शिक्षक दरबन्दी नभएका सामुदायिक विद्यालय र शिक्षक अभाव रहेको प्राविधिक धारको शिक्षा विस्तार गरेको विद्यालय शिक्षण स्वयम्सेवक परिचालनको क्षेत्र रहनेछ ।

परिच्छेद-२

शिक्षण स्वयम्सेवक समन्वय तथा परिचालन समिति सम्बन्धी व्यवस्था

४. शिक्षण स्वयम्सेवक समन्वय तथा परिचालन समिति : (१) शिक्षण स्वयम्सेवक परिचालन तथा समन्वयकारी भूमिका निर्वाह गर्न केन्द्रीयस्तरमा एक शिक्षण स्वयम्सेवक समन्वय तथा परिचालन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | - संयोजक |
| (ख) | सदस्य-सचिव, विश्वविद्यालय अनुदान आयोग | - सदस्य |
| (ग) | सहसचिव (शिक्षा बजेट तथा कार्यक्रम हेर्ने), अर्थ मन्त्रालय | - सदस्य |
| (घ) | सहसचिव (स्थानीय तह हेर्ने), संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| ((ङ) | सहसचिव (शिक्षा हेर्ने), राष्ट्रिय योजना आयोग | - सदस्य |
| (च) | सहसचिव, विद्यालय शिक्षा महाशाखा, मन्त्रालय | - सदस्य |
| (छ) | महानिर्देशक, केन्द्र | - सदस्य-सचिव |

(३) समितिको बैठक प्रत्येक तीन महिनामा एक पटक बस्नेछ ।

तर आवश्यकता परेमा सो भन्दा बढी पटक बैठक बस्न बाधा पर्ने छैन ।

(४) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वयम्‌सेवकको व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) शिक्षण स्वयम्‌सेवक कार्यको समन्वय तथा सहजीकरण गर्ने, गराउने,

(ग) शिक्षण स्वयम्‌सेवक सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) शिक्षण स्वयमसेवक शिक्षकको संख्या र शिक्षण विषयको पहिचान गर्ने, र

(ङ) शिक्षण स्वयम्‌सेवक परिचालन सम्बन्धी प्राविधिक कार्य गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्ने ।

## परिच्छेद-३

## <u>शिक्षण स्वयम्‌सेवकको सङ्ख्या निर्धारण, छनौट तथा नियुक्ति सम्बन्धी व्यवस्था</u>

६. <u>स्वयम्‌सेवकको संख्या निर्धारण</u> : समितिले विद्यालयमा हाल कायम रहेको शिक्षकको विषयगत दरबन्दी, राहत अनुदान कोटा र केन्द्रद्वारा वितरण गरिने शिक्षण सहयोग अनुदान समेतलाई गणना गरी अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षकको प्रचलित कानून तथा मापदण्ड बमोजिम दरबन्दी अपुग हुने विद्यालय र शिक्षक अभाव रहेको प्राविधिक धारको विद्यालयमा स्वयम्‌सेवक परिचालन गर्ने गरी स्थानीय तहगत रुपमा स्वयम्‌सेवकको संख्या निर्धारण गर्नेछ ।

७. <u>स्वयम्‌सेवकको माग संकलन</u> : केन्द्रले प्रत्येक स्थानीय तह मार्फत आधारभूत तह (कक्षा छ देखि आठसम्म) र माध्यमिक तह (कक्षा नौ देखि कक्षा बाह्रसम्म) मा प्रचलित कानून तथा मापदण्ड बमोजिम अंग्रेजी, गणित र विज्ञान विषय शिक्षकको संख्या अपुग भएको वा यस्ता विषय शिक्षक दरबन्दी नभएका विद्यालय र शिक्षक अभाव रहेको प्राविधिक धारको विद्यालयको पहिचान गरी त्यस्ता विद्यालयका अंग्रेजी, गणित, विज्ञान र प्राविधिक् धार तर्फको विषय शिक्षकको माग संकलन गरी संख्या यकीन गर्नु पर्नेछ ।

८. <u>स्वयम्‌सेवकको आवेदन सम्बन्धी व्यवस्था</u> : (१) केन्द्रले शिक्षण स्वयम्‌सेवकको रुपमा सेवा गर्न चाहने व्यक्तिले आवेदन दिने प्रयोजनको लागि राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा सात दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सार्वजनिक सूचना मन्त्रालय र केन्द्रको वेभसाइटमा समेत राख्नु पर्नेछ ।

(३) शिक्षण स्वयम्सेवकको रुपमा सेवा गर्न चाहने दफा १० बमोजिमको योग्यता भएको व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा केन्द्रमा आवेदन दिनु पर्नेछ । यस्तो आवेदन अनलाइन मार्फत पनि दिन सकिनेछ ।

९. <u>सूचीकृत गर्ने</u> : (१) शिक्षण स्वयम्सेवक अर्न्तगत स्वयम्सेवकको रुपमा काम गर्न इच्छुक व्यक्तिलाई सम्बन्धित शिक्षणको लागि आवश्यक पर्ने योग्यताको प्रमाण सहित सूचिकृत गरिनेछ ।

(२) सूचीकरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रले प्रकाशित गरेको सूचना बमोजिम प्राप्त आवेदनको छानविन तथा रुजु गर्ने, रितपूर्वक भएका आवेदन स्वीकृत गर्ने र बेरितपूर्वक भएका आवेदन अस्वीकृत गर्ने,

(ख) स्वीकृत आवेदनको विषयगत रुपमा एकीकृत विवरण तयार गर्ने,

(ग) आवेदकको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको प्राप्ताङ्कका आधारमा योग्यताक्रम निर्धारण गरी स्थानीय तहगत रुपमा सूची तयार गर्ने,

(घ) खण्ड (ग) बमोजिम स्थानीय तहगत सूची तयार गर्दा नागरिकतामा उल्लेखित ठेगाना तथा आवेदकले रोजेको स्थानीय तहलाई आधार लिने र सम्बन्धित स्थानीय तहका आवेदकलाई प्राथमिकता दिने ।

(३) उपदफा (१) बमोजिमको सूची दुई वर्षसम्म मान्य हुनेछ ।

१०. <u>स्वयम्सेवक हुन चाहिने योग्यता</u> : स्वयम्सेवक हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) अठार वर्ष उमेर पूरा भई चालीस वर्ष उमेर ननाघेको,

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको,

(च) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण भएको,

तर स्नातकोत्तर तह उत्तीर्णलाई प्राथमिकता दिइनेछ ।

११. स्वयम्सेवक छनौट तथा परिचालन : केन्द्रले आवेदकहरू मध्येको प्राथमिकताक्रम, विद्यालयको आवश्यकता तथा आवेदकको स्थायी ठेगाना समेतका आधारमा सम्बन्धित इकाइ मार्फत स्वयम्सेवकको सूची स्थानीय तह र विद्यालयलाई उपलब्ध गराउनेछ । कुनै विषयमा आवश्यकता भन्दा बढी आवेदकहरू भएको अवस्थामा तोकिएको न्यूनतम शैक्षिक योग्यताको आधारमा उच्चतम अङ्क ल्याउने आवेदकलाई छनौट गरी परिचालन गरिनेछ ।

१२. स्वयम्सेवकको नियुक्ति : (१) स्थानीय तहले शिक्षण स्वयम्सेवकको स्थानीय तहगत स्वीकृत सूचीबाट आफ्नो क्षेत्रभित्रको विद्यालयको लागि स्वयम्सेवक नियुक्तिको सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गरेको व्यक्तिलाई सम्बन्धित विद्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गरी नियुक्ति गर्नु पर्नेछ ।

(३) नियुक्ति भएको मितिले सात दिनभित्र विद्यालयमा हाजिर भई स्वयम्सेवकले शिक्षण कार्य प्रारम्भ गर्नुपर्नेछ । सो अवधिभित्र शिक्षण कार्य प्रारम्भ नगरेमा नियुक्ति स्वत: बदर हुनेछ ।

(४) स्वयम्सेवकले कुनै कारणवस कार्य अवधि पूरा नहुँदै सेवा छाड्नु पर्ने भएमा दुई महिना अगावै सम्बन्धित विद्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम रिक्त स्थानमा बाँकी अवधिका लागि मात्र स्थानीय तहले सूचीकृत मध्येबाट सिफारिस गरेको व्यक्तिसँग सम्झौता गरी विद्यालयले नियुक्ति गर्न सक्नेछ ।

१३. सरुवा नहुने : स्वयम्सेवकको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुन सक्ने छैन ।

१४. स्वयम्सेवकको काम, कर्तव्य र अधिकार : स्वयम्सेवकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) हप्तामा न्यूनतम चौबीस कक्षा (पिरियड) अध्यापन गर्नुपर्ने,

(ख) पाठ्यक्रमले निर्धारण गरे बमोजिमको औपचारिक परीक्षा तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग गरी अध्यापन गरेको विषयमा विद्यार्थीको शैक्षिकस्तर मूल्याङ्कन गर्ने,

(ग) विद्यालयले तोकेको अन्य कार्यहरू गर्ने ।

१५. स्वयम्सेवकको अवकाश सम्बन्धी व्यवस्था : (१) स्वयम्सेवकलाई देहाय बमोजिमको अवस्थामा प्रधानाध्यापकले अवकाश दिन सक्नेछ :-

(क) सम्झौता बमोजिमको अवधि समाप्त भएमा,

(ख) स्वेच्छिक रुपले अवकाश लिने इच्छा गरी प्रधानाध्यापक समक्ष दुई महिना पूर्व लिखित निवेदन दिएमा,

(ग) शारीरिक अस्वस्थताको कारण विद्यालयमा उपस्थित भई नियमित कामकाज गर्न असमर्थ भएमा,

(घ) खराब आचरण प्रदर्शन गरेमा,

(ङ) विना सूचना पन्ध्र दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा,

(च) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए भए तापनि उपदफा (१) को खण्ड (च) बमोजिमको अवस्थामा विद्यालय व्यवस्थापन समितिले पर्याप्त आधार र प्रमाण सहित सिफारिस गरेको स्वयम्सेवकलाई इकाइ प्रमुखले निर्णय गरी हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद-४

## स्वयम्सेवकको सेवा, शर्त र सुविधा

१६. स्वयम्सेवकको सेवा शर्त : (१) स्वयम्सेवकको कार्यावधि एक शैक्षिक सत्रको हुनेछ ।

(२) स्वयम्सेवकले नियुक्ति भएको विद्यालयमा उपस्थित भई तोकिएको विषयमा नियमित शिक्षण गर्नु पर्नेछ ।

(३) स्वयम्सेवकले सम्झौतामा तोकिए बमोजिमको शर्तहरू अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

१७. स्वयम्सेवकलाई दिइने सुविधा : (१) स्वयम्सेवकलाई अनुसूची-३ बमोजिमको मासिक निर्वाह भत्ता दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वयम्सेवक सम्बन्धित स्थानीय तहको भएमा "घ" वर्गको मासिक निर्वाह भत्ता दिइनेछ ।

(३) स्थानीय तहको वर्गीकरण नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको वर्गीकरण बमोजिम हुनेछ ।

१८. स्वयम्सेवकको बिदा : (१) स्वयम्सेवकले देहाय बमोजिमको बिदा पाउनेछ :-

(क) विद्यालयमा रुजु हाजिरको आधारमा प्रत्येक महिना एक दिन भैपरी आउने वा पर्व बिदा,

२०७५।१२।१७

(ख) आफ्नो रीत र परम्परा अनुसार बढीमा पन्ध्र दिन किरिया बिदा ।

(२) स्वयम्सेवकको बिदाको स्वीकृति सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ ।

## परिच्छेद-५

## विभिन्न निकायको भूमिका

१९. केन्द्रको भूमिका : स्वयम्सेवक परिचालन सम्बन्धमा केन्द्रको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) शिक्षण स्वयम्सेवक सम्बन्धी वार्षिक कार्यक्रम तयार गरी समितिबाट स्वीकृत गराउने,

(ख) चैत महिनाको पन्ध्र गतेभित्र भौगोलिक क्षेत्र अनुसार कोटा तोकी स्थानीय तहगत रुपमा स्वयम्सेवक संख्या निर्धारण गर्ने,

(ग) स्वयम्सेवक संख्याको आधारमा स्वीकृत कार्यक्रम अनुसारको बजेट बैशाख मसान्तभित्र सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने ।

२०. इकाइको भूमिका : स्वयम्सेवक परिचालन सम्बन्धमा इकाइको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रबाट प्राप्त भएका विषयगत स्वयम्सेवकको सूची स्थानीय तह र विद्यालयहरुलाई उपलब्ध गराउने,

(ख) स्वयम्सेवक परिचालन तथा स्वयम्सेवकको कार्यसम्पादनको अनुगमन गरी केन्द्रमा प्रतिवेदन पेश गर्ने,

(ग) आगामी शैक्षिक सत्रको लागि स्थानीय तहबाट माग भएका स्वयम्सेवकको संख्याको आवश्यकताको पुष्ट्याइँ सहित प्रमाणित गरी केन्द्रमा पठाउने ।

२१. स्थानीय तहको भूमिका : स्वयम्सेवक परिचालन सम्बन्धमा स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रबाट निर्धारण गरिएको संख्याभित्र रही स्वयम्सेवकको नियुक्तिका लागि योग्यताक्रमका आधारमा सिफारिस गरी विद्यालयमा पठाउने,

(ख) स्वयम्सेवकको निर्वाह भत्ता बापतको एक शैक्षिक सत्रको रकम एकमुष्ट रुपमा जेठमहिनाभित्र विद्यालयलाई निकासा गर्ने,

(ग) स्वयम्सेवकहरुको कार्यसम्पादनको नियमित अनुगमन गर्ने,

(घ) विद्यालयगत रुपमा स्वयम्सेवकको विवरण अध्यावधिक गरी राख्ने,

(ङ) आगामी शैक्षिक सत्रका लागि आवश्यक पर्ने स्वयम्सेवक संख्याको आवश्यकताको पुष्ट्याइँ सहित प्रमाणित गरी इकाइमा पठाउने ।

२२. **विद्यालयको भूमिका** : स्वयम्सेवक परिचालन सम्बन्धमा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय तहबाट सिफारिस भई आएका स्वयम्सेवकसँग सम्झौता गरी नियुक्ति दिई सो को जानकारी स्थानीय तह र इकाइलाई गराउने,

(ख) स्वयम्सेवकको जिम्मेवारी बाँडफाँड र आचार संहिता कार्यान्वयन गराउने,

(ग) आगामी शैक्षिक सत्रका लागि आवश्यक पर्ने स्वयम्सेवक संख्याको आवश्यकताको पुष्ट्याइँ सहित प्रमाणित गरी स्थानीय तहमा पठाउने ।

## परिच्छेद-६

## विविध

२३. **स्वयम्सेवकले पालना गर्नुपर्ने आचार संहिता** : स्वयम्सेवकले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :-

(क) आफूले गरेको सम्झौता अनुसारका कार्य इमान्दारीपूर्वक सम्पन्न गर्ने,

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाई हाजिर गर्ने र पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(ग) कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी समक्ष फैलाउन नहुने,

(घ) नेपाल सरकारको विद्यमान नीति र व्यवस्थाको प्रतिकूल हुने गरी कुनै पनि कार्य नगर्ने,

(ङ) सम्बन्धित निकायको नियम र कानून विपरीतको कार्य नगर्ने,

(च) कुनै पनि राजनीतिक दलको गतिविधिमा संलग्न नहुने,

(छ) इमानदार, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्ने ।

२४. **प्रमाणपत्र दिनुपर्ने** : स्वयम्सेवकलाई सम्झौता बमोजिमको कार्य अवधि पूरा गरेपछि सम्बन्धित इकाइले अनुसूची-४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

२५. **अनुगमन तथा प्रतिवेदन व्यवस्था** : (१) स्वयम्सेवकले गरेको कार्यको नियमित अनुगमन सम्बन्धित प्रधानाध्यापकबाट हुनेछ ।

(२) प्रधानाध्यापकले उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तह र इकाइमा पठाउनु पर्नेछ ।

(३) प्रधानाध्यापकद्वारा स्वयम्सेवकले गरेका कार्यको नियमित अनुगम नभए, नभएको विषयमा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहले स्थलगत अनुगमन गर्न सक्नेछ ।

(४) इकाइले आफ्नो जिल्लाका स्वयम्सेवकको कार्यको नियमित अनुगमन गरी वार्षिक प्रतिवेदन साउन महिनाभित्र केन्द्रमा पठाउनु पर्नेछ ।

२६. बाझिएमा असमान्य हुने : यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

## अनुसूची-१

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

### शिक्षण स्वयम्सेवकको लागि आवेदन फारमको ढाँचा

(क) उम्मेदवारले सेवा गर्न चाहेको स्थानीय तह र विषयको प्राथमिकताक्रम विवरण :

| (क) स्थानीय तह : | (ख) विषय : |
|---|---|
| (१) | (१) अंग्रजी : |
| (२) | (२) गणित : |
| (३) | (३) विज्ञान : |

(ख) उम्मेदवारको वैयक्तिक विवरण :

| | | | |
|---|---|---|---|
| उम्मेदवारको | नाम, थर | (देवनागरीमा) | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | लिंग : |
| | नागरिकता नं. | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | (क) जिल्ला: | (ख) न.पा./गा.पा. | (ग) वडा नं. : |
| | (घ) टोल : | (ङ) मार्ग/घर नं : | फोन नं. : |
| पत्राचार गर्ने ठेगाना | | | इ-मेल : |
| बाबुको नाम, थर : | आमाको नाम, थर : | | |
| बाजेको नाम, थर | पति/पत्नीको नाम, थर : | | |
| जन्ममिति : | (वि.सं.मा) | (ईस्वी सन्‌मा) | हालको उमेर : वर्ष महिना |

(ग) शैक्षिक योग्यता सम्बन्धी विवरण :

| | विश्वविद्यालय/वोर्ड/ संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत | मिति : |
|---|---|---|---|
| दायाँ | बायाँ | | |
| | | | |

(घ) संलग्न कागजातहरु :

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

# अनुसूची-२

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

## <u>शिक्षण स्वयम्सेवकसँग विद्यालयले गर्नु पर्ने सम्झौता-पत्रको ढाँचा</u>

श्री ........................................ विद्यालय (यसपछि "प्रथम पक्ष" भनिनेछ) र ............गा.पा./न.पा. वडा नं. ........ स्थायी ठेगाना भई हाल .....................बस्ने श्री .......................... (यसपछि "दोश्रो पक्ष" भनिनेछ) बीच शिक्षण स्वयम्सेवकको रुपमा मिति ........ देखि मिति ........ सम्म ...................... विषयमा शिक्षण कार्य गर्न भएको सम्झौता-पत्र ।

(१) **प्रथम पक्षले गर्नुपर्ने कार्यहरु :**

(क) शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७६ बमोजिम निर्वाह भत्ता बापतको रकम उपलब्ध गराउने,

(ख) शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७६ बमोजिम स्वयम्सेवकले पाउने बिदाको सुविधा उपलब्ध गराउने,

(ग) शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७६ बमोजिम स्वयम्सेवकको आचार संहिता पालना गराउने ।

(२) **दोश्रो पक्षले पालन गर्नुपर्ने शर्तहरु :**

(क) विद्यालयमा नियमित उपस्थित भई विद्यालयको पठनपाठनमा सहभागी हुनु पर्ने,

(ख) नियमित पठनपाठनका साथै अतिरिक्त क्रियाकलाप लगायत विद्यालयले दिएको अन्य जिम्मेवारी पूरा गर्ने,

(ग) शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७६ बमोजिम स्वयम्सेवकको आचार संहिता पालना गर्ने,

(घ) निर्वाह भत्ता बाहेक अन्य कुनै प्रकारको सेवा र सुविधा दावी नगर्ने ।

**दोश्रो पक्षको तर्फबाट**
नाम:
ठेगाना :
दस्तखत :
मिति:

**प्रथम पक्षको तर्फबाट**
नाम:
पद:
दस्तखत :
मिति :

<u>रोहबर</u>

नाम:
पद :
दस्तखत :
मिति :

<u>रोहबर</u>

नाम:
पद:
दस्तखत :
मिति :

अनुसूची-३

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

<u>स्वयम्सेवकले पाउने निर्वाह भत्ता</u>

| क.सं. | स्वयम्सेवकको योग्यता | स्थानीय तहको वर्गिकरण | | | |
|---|---|---|---|---|---|
| | | क वर्ग (१६२) | ख वर्ग (२१८) | ग वर्ग (२७५) | घ वर्ग (९८) |
| १. | स्नातकतह उत्तीर्ण | ३०,०००।- | २८,०००।- | २६,०००। | २४,०००।- |
| २. | स्नातकोत्तर तह उत्तीर्ण | ३२,०००।- | ३०,०००।- | २८,०००। | २६,०००।- |

अनुसूची-४

(दफा २४ सँग सम्बन्धित)

शिक्षण स्वयम्सेवकलाई दिइने प्रमाणपत्रको ढाँचा

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा विकास तथा समन्वय इकाइ

...............

प्रमाण-पत्र

..........जिल्ला ....................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं...... स्थायी ठेगाना भएका श्री ........................................... ले ..................... जिल्ला.............................. गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं...... को श्री ........................................ विद्यालयमा ........ विषयको शिक्षण कार्य मिति ............ देखि ............. सम्म गर्नु भएकोले शिक्षण स्वयम्सेवक सेवाको उच्च मूल्याङ्कन गरी शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि, २०७६ को दफा २४ बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ।

भविष्यमा पनि राष्ट्र निर्माणको सन्दर्भमा यहाँको अमूल्य योगदान रहने विश्वास सहित इकाइ तपाईंको उज्जवल भविष्यको कामना गर्दछ।

मिति : ............................

...............

इकाइ प्रमुख